वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सम्पर्कहोस् ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १३४ ○श्रेणी 'क' ○२०७२ फाल्गुन ५ गते बुधबार ○ 17 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

सरकारी निरीहताले बस सेवा बन्द

विन्ध्यवासिनीका बस फोडियो, पुराना बस सडक किनारामा थन्क्याइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

सरकारी अधिकारीहरुको लाचारी र गैरजिम्मेवारपनका कारण मंगलवार दिनभर पोखरामा सार्वजनिक सवारीका साधन चल्न नसक्दा सर्वसाधारणले सास्ती खेप्नु पऱ्यो । पोखरामा नयाँ बस सेवा संचालन गर्न लागेको विन्ध्यवासिनी बस व्यवसायी समितिका नयाँ बस संचालन गर्नेका लागि सुरक्षा तथा प्रशासनिक अधिकारीहरुले उपयुक्त वातावरण दिन नसकेको र पहिले दिईं सिण्डिकेटको माध्यमबाट बस सेवा संचालन गर्दै आएका व्यवसायीको बस सडक किनारामा थन्क्याउन पनि सरकारी अधिकारी निरीह बनेकोले पोखरा क्षेत्रमा बस सेवा बन्द भयो । जका कारण सर्वसाधारणले समस्या भोग्नु परेको हो । नेपालको संविधानमा नेपाली नागरिकले आफ्नो पेशा र व्यवसाय स्वतन्त्रपूर्वक संचालन गर्न पाउने व्यवस्था रहेपनि त्यसलाई सरकारी सुरक्षा तथा प्रशासनिक अधिकारीले कार्यान्वयनमा ल्याउन नसक्दा यस्तो समस्या उत्पन्न भएको हो । कास्की जिल्लास्थित सुरक्षा र प्रशासनिक अधिकारी अर्थात प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान र नेपाली सेनाको मात्र जिल्ला प्रमुखहरु नरहेर पश्चिमाञ्चल क्षेत्र स्तरीय प्रशासक, प्रहरी नायब महानिरीक्षक, पृतनासहित समेत छन् । यस बारेक सरोकारवाला गण्डकी अञ्चल यातायत व्यवस्था कार्यालय समेत पोखरामै छ । तर ति सबै कार्यालयका प्रमुख तथा सरकारी अधिकारीहरुको निरीहता र लाचारी पनले पोखराको यातायात व्यवस्था अस्तव्यस्त बन्दै गएको छ ।

पोखरामा संचालनमा आउने भनिएका विन्ध्यवासिनी बस व्यवसायी समितिका गाडीहरु १० दिन अघि संचालन गर्दा सरकारी तथा प्रशासनिक अधिकारीले फाल्गुन २७ पछि संचालन गर्ने आश्वासन दिएर रोक लगाएका थिए । तर उक्त समितिले सरकारी आश्वासनलाई प्रतिष्ठा गर्दै बस चलाउन खोज्दा थप निर्देशन नआएपछि मंगलवार आफ्ना गाडी सडकमा निकालेको भएपनि यात्रुलाई सेवा दिन भने पाएनन् । बरु उल्टै पुराना यातायात व्यवसायीको शिकार नयाँ बसहरु बन्न पुगे ।

विन्ध्यवासिनी बस व्यवसायी समिति अन्तर्गतका गाडी संचालकको कममा अवरोध गरेका पुराना व्यवसायीले मंगलवार दिउसो आफ्ना सवारी पनि धन्क्याए । नयाँ बस संचालनको विरोधमा आन्दोलन घोषणा गरेका उनीहरुले मंगलवार पोखराको छाँरपाटनमा विन्ध्यवासिनी समितिका तीन वटा बस तोडफोड समेत गरे । उनीहरुले गण्डक ५९७१, गण्डक ५९७२ र गण्डक ५९७३ नम्बरको बस तोडफोड गरेका हुन् । बस तोडफोडमा संलग्न भएको आरोपमा पोखरा बस व्यवसायी समितिका कोषाध्यक्ष पविवमणि अधिकारी र सह-सचिव देविप्रसाद कुईकेलालाई प्रहरीले पकाउ गरेको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनपछि यातायात व्यवस्था विभागको पक्का आधारमा यातायात व्यवस्था कार्यालय गण्डकीले माघ १८ गते नयाँ समितिलाई बस सञ्चालनको रुट ईजाजत प्रदान गरेको थियो । माघ २२ गते बस संचालनको सुरुवात गरेपनि पुराना व्यवसायीको अवरोधपछि प्रशासनको आग्रहमा रोकिएको बस मंगलवार पुनः सञ्चालनमा ल्याउन खोज्दा विवाद चर्किएको हो । यो बीचमा प्रशासनले समस्या समाधानको उचित विकल्प निकाल नसक्दा पोखराको यातायात पुनः अस्तव्यस्त भएको हो । पुराना व्यवसायीले पोखरामा थप नयाँ बसको आवश्यकता नरहेको र भएका समितिलेनै यात्रुमैत्री सुविधा दिदै आएको भन्दै नयाँ समितिको रुट ईजाजत खारेज गर्न माग गरेका छन् । तर नयाँ समितिले आफूले ईजाजत पाएको रुटमा बस संचालन गर्न पाउनुपर्ने अडान लिदै आएका छन् ।

मंगलवार विहान ९ बजेदेखि नै बसहरु संचालनमा ल्याउने तयारी गरेका नयाँ बस व्यवसायीहरुलाई प्रशासनले ११ बजे बार्तामा बोलाएको थियो । बार्तापछि मात्र गाडी संचालन गर्ने भन्दै प्रशासनले बोलाएपछि व्यवसायीहरु बार्तामा गएको समितिका अध्यक्ष समबहादुर गुरुङले जानकारी दिए । 'हामी बार्तामा आउँदै आएनन्' समितिका अध्यक्ष गुरुङले भने । उनले भने-'हामीलाई पुराना साथीहरुले सौतेनी व्यवहार गरे । प्रशासनले बोलाएको बैठकमा गईयो तर निर्णय केही भएन ।'

संस्थाका सचिव रामचन्द्र अधिकारीले प्रशासन कै अवरोधका कारण पोखरामा विन्ध्यवासिनी बस समितिका गाडीहरु चल्न नसकेको बताए । सोमबार विहान समितिको कार्यालय गुजनाचौकबाट तीनमध्ये दुईवटा गाडी निकालेर नयाँ बजारमा पुऱ्याइ भव्य पूजा समेत गरेको उनले जानकारी दिए । 'आज अब जे भयो भयो पोखरामा नयाँ गाडी चलाउँछौं यसमा सबै पोखरेलीले हामीलाई सहयोग गर्नेछन्'-उनले भने । सिण्डिकेटले हामी व्यवसायीलाई मकोमा पऱ्यो अधिकारीले गुनासो गरे । नयाँबजारमा लगेर पूजा गरेपछि फेरी सुरक्षाकर्मीले नै गाडीलाई स्कर्टिङ गरेर समितिको कार्यालय सुजनाचौकमा लगेर सुरक्षा दिईरहेका छन् । समितिका गाडी मार्फि हुन सबै सम्भावित घटनालाई मध्यनजर गर्दै प्रशासनले सुरक्षा दिएको प्रशासनले बताएको भएपनि गाडी तोडफोड भएपै छाड्दयो प्रशासनले गाडीको सुरक्षार्थ नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेको थियो ।

यता पोखरा बस व्यवसायी समितिका अध्यक्ष रमेश गिरीले पोखरा बिमार्ग नहने बताउँदै पोखराको सुन्दरतालाई नयाँ बस व्यवसायी समितिका साथीहरुले ख्याल नगरेको आरोप लगाए । उनले बार्ता सकारात्मक नभएकोले यसबाट तत्काल निकास निस्कन नसक्ने बताए । कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनालीले व्यवसायीहरुलाई एक आपसमा मिल्न भन्दै यातायात व्यवस्था कार्यालयमा पठाएको बताए । रुट ईजाजत पाए एक दिन सवारी चलाउन नपाउँदै पुराना बस व्यवसायीहरुले गण्डकी अञ्चल यातायात बन्दको घोषणा गरेपछि प्रशासनले केही दिन सवारी साधनहरु रोक्न नयाँ बस व्यवसायीहरुलाई आग्रह गरेको थियो । व्यवसायीहरुले सर्वपक्षीय भेला भन्दै प्रशासनले बैठक बोलाउला भन्दै समय कुरेको १० दिन बितिसक्दा समेत बास्ता नगरेपछि बाध्य भएर बस चलाउन व्यवसायीहरुले जमकी गरेका थिए । यता, उपभोक्ता मञ्च कास्कीका अध्यक्ष कर्पिलनाथ कोईरालाले प्रतिस्पर्धी बजारलाई कुण्ठित गरी व्यवसायीहरुले गरेको सिण्डिकेट उपभोक्ताको हितमा नभएको बताएका छन् । उनले उपभोक्ताका अधिकारलाई सुरक्षित गर्न सिण्डिकेट अन्त्य गर्न प्रशासनले कदम चाल्नु पर्ने बताए ।

सबैबीच नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीले सोमबार विज्ञप्ति प्रकाशित गरी आन्दोलनका कार्यक्रम घोषणा गरेको थियो । समितिले मंगलवारैदेखि यही फाल्गुन १० गतेसम्म विभिन्न आन्दोलनका कार्यक्रम घोषणा गरेको हो । घोषित कार्यक्रममा जक्काजाम, यातायात कार्यालय घेराउ, गण्डकी अञ्चलमा यातायात हड्ताल लगायत छन् ।

नाइ संघले मूल्य बढायो

पोखरा ३ फाल्गुन ।(गोल्डेन)

नेपाल नाई संघ जिल्ला कार्यसमिति कास्कीद्वारा नाई व्यवसायीलाई सेवामा दररेट परिवर्तन भएको उल्लेख गरिएको छ । नाई संघ जिल्ला अध्यक्ष विमलराज ठाकुरको अध्यक्षतामा बसेकोे बैठकले विगत लामो समयदेखि नबढेको कपाल काट्ने शुल्कमा परिवर्तन भएको निर्णय भएको जानकारी दिए । छैटौं अधिवेशन २०६८ पुसबाट पारित भईसकेको समयानुकूल दररेटलाई मंगलबारको बैठकले बृद्धिगरि बुधबारबाट लागु गरिने नाई संघका सचिव आदेशप्रसाद ठाकुरले जानकारी दिए । कास्की जिल्लामा रहेको करिब १ सय ५० सैलुनमा कपाल काट्दा ७० रुपैयाँ लाग्ने विज्ञप्तिमा जनाएको छ । बढ्दो महंगी, सैलुनमा प्रयोग हुने औजार तथा सामग्रीको मूल्य बृद्धि, मजदुरको सेवा सुविधामा बृद्धि लगायतलाई ध्यान दिदै दररेटमा परिवर्तन गरिएको नाई संघ लेखनाथका पतिनिधि आनन्द ठाकुरले जानकारी दिए । प्रत्येक २÷२ वर्षमा बृद्धि गरिनुपर्ने मूल्यलाई नेपाल नाई संघ केन्द्रीय समितिको डिलासुस्ती र महाधिवेशन प्रक्रिया अगाडि नबढ्दा देश भरका नाईहरुले समस्या भोगै आएका छन् ।

नाई संघ कास्कीले ब्लाई काटेको ५० रुपैयाँ लिने बनाउँदै होम सर्भिसमा प्रतिव्यक्ति २ सय ५० का दरले लिन समेत नाई पेशाकमीलाई अनुरोध गरिएको छ । नेपाल ट्रेड युनियन कंग्रेस कास्कीको सम्बाहलमा सम्पन्न बैठकमा नाई संघले उपभोक्तालाई दिनुपर्ने सेवा सुविधामा कञ्जुस्याई नगर्न व्यवसायीलाई आग्रह समेत गरेको छ । संघले विज्ञप्ति जारी गर्दै मेसिनले कपाल काटेको ८० रुपैयाँ, टाउको मसाज गरेको १ सय रुपैयाँ, लेडिज कपाल काटेको १ सय रुपैयाँ लिन व्यवसायीलाई अनुरोध गरिएको संघका सह-सचिव धुव ठाकुरले जानकारी दिए । नाई संघ कास्कीले आफ्ना मजदुरलाई तालिम, माहिनाको १ दिन बिदा, भ्रमण तथा अवलोकन, व्यवसाय जन्य सुरक्षाको तालिम गराउँदै आएको छ । विज्ञप्तिमा कास्की जिल्लामा कपाल काट्ने दररेट बृद्धि हुंदा उपभोक्तामा पर्न जाने असुविधाप्रति क्षमा समेत मागेको छ ।

सराङकोटमा महिलाको शव

पोखरा ४ फाल्गुन ।

पोखरा उपमहानगरपालिका वडा नं २६ सराङकोट, पर्सेलीमा एक महिलाको शव भेटिएको छ । पोखरा-२६, अर्मलाकी हरिकला केसीको शव भेटिएको कास्की प्रहरीले जनाएको छ । केसी गत माघ २५ गतेदेखि हराइरहेकी थिइन । केसीको शव प्रारम्भिक अनुसन्धान पछि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा राखिएको प्रहरीको भनाइ छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

राष्ट्रपति-ओलीबीच भेटवार्ता

गोल्डेन न्यूज संवाददाता
काठमाडौं ४ फाल्गुन ।

राष्ट्रपति विद्यादेवी भण्डारी र प्रधानमन्त्री केपी शर्मा ओलीबीच मंगलवार भेटवार्ता भएको छ । मंगलवार साँझ शीतलनिवासस्थित राष्ट्रपति कार्यालयमा पुगी प्रधानमन्त्री ओलीले आफ्नो आसन्न भारत भ्रमण र समसामयिक विषयमा राष्ट्रपति भण्डारीलाई जानकारी गराएको राष्ट्रपतिका प्रमुख स्वकीय सचिव भेषराज अधिकारीले जानकारी दिए ।

उनीहरुबीच प्रधानमन्त्री ओलीले यही फागुन ७ गतेदेखि गर्न लाग्नुभएको छिमेकी मित्र राष्ट्र भारतको भ्रमण र अन्य समसामयिक विषयमा कुराकानी भएको स्वकीय सचिव अधिकारीले बताए ।

हार्दिक आभार एवं कृतज्ञता

नेपाली कांग्रेसको १३औं महाधिवेशन अन्तर्गत २०७२ माघ २५ गते सम्पन्न कास्की जिल्ला अधिवेशनमा अमूल्य मतदान गरि मलाई नेपाली कांग्रेस कास्कीको गरिमामय सभापति पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण मतदाता तथा पार्टीका क्षेत्रीय प्रतिनिधिज्यूहरु, प्रत्यक्ष/अप्रत्यक्षरुपमा मलाई सहयोग गर्नुहुने पार्टीका सम्पूर्ण अग्रज नेता, कार्यकर्ता र सदस्यज्यूहरु साथै शुभचिन्तक महानुभावहरु सम्पूर्णमा हार्दिक आभार एवं कृतज्ञता ज्ञाहेर गर्दछु। मेरो नेतृत्वमा निर्वाचित जिल्ला कार्यसमितिका साथीहरुका साथै क्षेत्रीय, नगर, गाउँ र वडा कार्यसमितिका सम्पूर्ण साथीहरुप्रति हार्दिक बधाई समेत ज्ञापन गर्दछु।

साथै, आगामी दिनमा नेपाली कांग्रेसलाई सुदृढ, संगठित र एकावद्ध बनाउँदै मुलुकको प्रमुख लोकतान्त्रिक शक्ति/राजनीतिक पार्टीको रूपमा स्थापित गरिरहन १३औं महाधिवेशनबाट निर्वाचित सबै तहका नेता र कार्यकर्ताको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गर्दै यसका लागि आफ्नो तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्दछु।

जय नेपाल !

कृष्ण के.सी.
सभापति

नेपाली कांग्रेस, कास्की

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा
पढ्न र सुनौलो एफ.एम. १०१.१ मेगाहर्ज सुन्न
Log on : www.goldennews. com.np

STUDY, WORK & LIVE IN
USA
Intake: Spring 2016
- USD 9000 PA Tuition Fee,
- High visa success rate,
- Special class for TOEFL/ IELTS on going for USA.
Min Req.: +2 or Eqvl.
IELTS: Optional
Hurry Up !
Limited Seats for Nepali Students.
ROYAL INTERNATIONAL EDUCATION
Ranipauwa
House no.: 50, Infront of NTC
Tel: 061-533386
Email: info@royallen.com | Web www.royallen.com

सुन्दर हेयर एण्ड ब्युटी
हामीबाट लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगेका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेकी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।
सम्पर्क: ९८४६८५४३३०
पोखरा ट्रेड मल, घिप्लेढुङ्गा
(First Floor X2)

२५ थरीका मःम हरु
pepsi
मःमः भेला
१
दिन बाँकी
QUALITY LIQUOR

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग मै किन ?
- लण्डनदेखि खोटेका कुशैलीय मुगलतरीय ब्राण्डका कपडाहरुका लागि,
- लण्डनदेखि मगेको सम्बन्धमा आकर्षक एवम् मुगलतरीय डिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि मुगलतरीय पर्फेक्ट मेजिम प्रयोग गरिने,
- महीनो मासा, सद्भाव र विश्वासका विश्लनताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।
बबिन टेलरिङ्ग सट्टिङ्ग एण्ड सुटिङ्ग
Ashwin OCM Bulbul

■ अरुको भनाइ अनुसार सधै नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय ...

जिका विरुद्ध अभियान आवश्यक

दक्षिण अमेरिका ब्राजिलबाट फैलिएको जिका भाइरस युरोपका देश हुँदै दक्षिण एशियाको चीनमा पनि देखिएको छ। नेपाल नेपालको सीमा जोडिएको छिमेकी मुलुक पनि हो। ब्राजिलबाट फर्किएका एक ३४ वर्षीय व्यक्तिमा जिका भाइरसको संक्रमण देखिएको चिनियाँ अधिकारीहरुले पुष्टि गरेका छन्। यो चीनमा जिका भाइरस संक्रमण पुष्टि भएको पहिलो घटना हो। चीनको केन्द्रीय स्वास्थ्य तथा परिवार योजना आयोगका अनुसार जिआन्छी प्रान्तको गान्छियानका बासिन्दा रहेका ती व्यक्तिमा दक्षिण अमेरिका भ्रमणका क्रममा उक्त भाइरस संक्रमण भएको हो। लामुखुट्टेबाट फैलने यो भाइरस चिसो मौसम भएकाले यो भाइरसको संक्रमण अन्तत फैलन नसक्ने अधिकारीहरुले बताएका छन्। ती व्यक्ति भेनेजुएला भ्रमणमा रहेका बेला यो भाइरसको संक्रमण देखिएको थियो। त्यतिबेला उनलाई ज्वरो आउने र रिंगटा लाग्ने जस्ता लक्षण देखिएको थियो। अहिले उनको उपचार भइरहेको चिनिया अधिकारीले जनाएका छन्। केही महिना अघि ब्राजिलमा जन्मेको एउटा बच्चाको टाउको स्वाभाविक भन्दा सानो थियो, र केही दिनमै उक्त बच्चाको मृत्यु समेत भयो। तर उसको रगतको परिक्षण गर्दा रगतमा जिका भाइरसको संक्रमण भएको देखियो। त्यसपछि अनुसंधानका आधारमा जिका संक्रमण भएका इलाकाहरूमा टाउको सानो भएर जन्मने बच्चाहरूको संख्या सामान्य भन्दा बीस गुणा बढी भएको प्रतिवेदन ब्राजिल सरकारले जारी गरेपछि यसले संसारलाई झस्कार दिएको छ। जिकाले दक्षिण अमेरिकी देशहरूलाई कतिसम्म अत्याएको छ भने कोलम्बिया, जमैका, इक्वेडर र एल-साल्भाडोर लगायतका देशले आफ्ना देशका महिलाहरूलाई करिब १ वर्ष सम्मका लागि गर्भवती नहुन सुझाइसकेका छन्। जिका भाइरसको संक्रमण नहोस् र नफैलियोस भनेर केही कुराहरूमा सावधानी अपनाउन सकिने रहेछ। जिका फैलाउने लामखुट्टे सामान्यतया दिउसोको समयमा मात्र सक्रय हुने हुंदा, दिउसोको समयमा लामखुट्टेको टोकाइबाट बच्न यथाशक्य प्रयास गर्नुपर्ने रहेछ। अमेरिकि रोग नियन्त्रण केन्द्रका अनुसार हलुका जरो आउने, टाउको दुख्ने छालामा राता डाबर आउने, आंखा पाकेजस्तो हुने, जोर्नीहरू दुख्ने जस्ता लक्षणहरू जिकाको संक्रमण हुदा देखा पर्ने रहेछन्। यस्ता लक्षण देखा परेमा प्रसस्त आराम गर्ने, झोल र सुपहरू पिउने गर्नुपर्ने रहेछ। माथि उल्लेखित लक्षणहरू देखिदा प्राय हामी एस्पीरिन्, ब्रुफिन जस्ता दवाई खाने गर्छौंस तर डेङ्गु र जिका भाइरसका लक्षण देखा पर्दा आफू खुसी एस्पीरिन, ब्रुफिन जस्ता दवाई खान नहुने रहेछ। जिका भाइरसले संसारलाई हल्लाईरहेका बेला विभिन्न देशहरुले उपचारको लागि अनुसन्धान गरिरहेका छन् र जिकाको थप संक्रमण नहोस् भेर धेरै विधि पनि अपनाईरहेका छन्। नेपालमा पनि जिका भाईरस फैलिन जोखिम भएको हुँदा यसको रोकथामका लागि सरकारले पूर्वतयारी एवं अभियान संचालन गर्नुपर्दछ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल फाल्गुण ५ गते बुधबार, तदनुसार फरवरी १७ सन् २०१६, श्रीशार्क १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पश्चिमको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शिशिर ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार माघशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज माघशुक्लपक्षको दशमी तिथि ४३ घटि ३३ पला अर्थात रातिमा ३ बजेर ५७ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथि लाग्नेछ। आज सूर्य कुम्भ राशिमा, चन्द्रमा वृश राशिमा अहोरात्र रहनेछ। आज विनमान २७ घटि ५४ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४४ मिनेटमा तुश्देव मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ५३ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : गरेको सबै कार्यमा बाधा हुने, मानसिक अशान्ति, यात्रामा कठिनाई हुने, चिन्तापनै समाधान प्राप्त हुनेछ।

वृष : एकाग्रि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ।

मिथुन : परिवारसँग विवाद पर्नेछ, व्यापारीक क्षेत्रमा मन्दी आउनाले नोक्सान बहुन जानेछ, समय खराब छ।

कर्कट : आरोग्यता, प्रशन्नता, आर्थिक पक्ष सवल रहने, मिष्ठान्न भोजन प्राप्ति, नवीन कार्यको थालनी गर्न राम्रो हुनेछ।

सिंह : एकासी नयाँ वस्तु फेला पर्ने, उत्कृष्ट सरकारी सम्मान पाउन सकिने, शैक्षिक क्षेत्रबाट उत्कृष्ट नतिजा हासिल।

कन्या : एकासी अँखामा खरावी आउन सक्ने, धनमाल चोरी हुन सक्नेछ, आफूले गरेको कार्यमा विरोधी बढ्नेछन्।

तुला : आफन्तको टकरावले दिनभर तनाव, पेशाप्रति असन्तुष्टि, आश्वानीमा गिरावट, अनावश्यक झमेला थपिनेछ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ, आदर सत्कार पाउने कार्यमा सरिक हुन पाइने, पारिवारिक सहयोग पाइने, प्रेम प्रसंग समधुर।

धनु : टाढाबाट धन प्राप्ति हुन सक्नेछ, नयाँठाउँको भ्रमण गर्दा मनमा आनन्द, राजनीतिक सक्रियता बढ्नेछ।

मकर : गरेका कार्य अधुरा हुनेछन्, यात्रा तथा कार्यमा बाधा, आफ्नो बारेमा आफन्तलेनै कुरा काट्ने छन्।

कुम्भ : यशकीर्ति बढ्ने शत्रुमाथि विजयी हुने, अधुरा कार्य आज पुरा, पुराना मित्रसंग भेटघाटको अवसर मिल्नेछ।

मीन : स्वास्थ्यमा खरावी आउन सक्ने, समय विवादित रहनेछ, चोटपटकको भय, नकरात्मक सोचाइले आँफैलाई घाटा।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७६९

'म्याच-फिक्सिङकै कारण फुटबल खस्किएको रहेछ'

माधव घिताल

मान्छे कि खुसीमा रुन्छ कि दु:खमा। नेपाली फुटबलका 'लिजेन्ड' हरि खड्का पछिल्लो पाँच महिनामा तीनचोटि रोए। पहिलो पटक असोज २७ गते, जतिबेला राष्ट्रिय टोलीका कप्तान सागर थापाहरित पाँच खेलाडी 'म्याच-फिक्सिङ' को आरोपमा पकाउ परे। लाखौं समर्थकले मनमा बसाएका 'स्टार' हरूमाथि 'धोकेबाजी' को संगीन आरोप लाग्दा र नेपाली फुटबलको अस्तित्व नै समाप्त भएको प्रतीकिया सुन्दापछा आफ्नो जीवनै खेलमा समर्पण गरेका हरिको भक्कानी छुटेको थियो।

दोश्रोपटक उनी रोए माघ ८ गते, जतिबेला नेपाल बंगलादेशको बंगबन्धु रंगशालामा बहराइनलाई ३-० ले हराउँदै बंगबन्धु गोल्डकप जितयो। २३ वर्षदेखि अन्तर्राष्ट्रिय उपाधिबिहीन भएको र गोलको खडेरीले फुटबलप्रति नैराश्य छाएका बेला नेपाली टोलीले हासिल गरेको यो सफलताले हरिका आँखा रसाएका थिए र, तेस्रोपटक रोए, फागुन ३ गते, जतिबेला नेपालले भारतलाई २-१ को अन्तरले हराउँदै दक्षिण एसियाली (साग) फुटबलमा स्वर्णपदक हात पार्यो। दक्षिण एसियाकै चिरप्रतिद्वन्द्वी भारतलाई उसकै घरेलु मैदानमा नमिठो हार चखाईदिंदा हरिका आँखाबाट वर्रे अश्रु झरे। हरेक चिजको समय आउँछ, नयाँ फुटबलको पनि समय आएको छ,' नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्वकप्तान खड्काले नेपालको पछिल्लो जितबारे प्रतिक्रिया दिंदै भने, 'हाम्रा खेलाडीले नेपाली फुटबलमा लागेको काली धब्बालाई भुलाउने गरी नयाँ युगको बाटो बनाए त्याइँहरुका छन्।'

एउटा भनाइ छ, सफलताले सफलता पछ्याउँछ। परांजित मानसिकतालाे घेरिएका बेला मान्छेको मनोबल यति खस्किएको हुन्छ, उसले लगातार पराजयकै सामना गरिरहन्छ कुनै दिन जब त्यो मानसिकता तोडेर मान्छेले जितको खुसी चुम्छ, उसको मनोबल यति बढ्छ, उसका लागि जित सहज हुँदै जान्छ।

नेपाली फुटबल टोलीले यही भनाइ साथमे पारेको खड्काको भनाइ छ। उनी यसलाई फुटबलमा 'स्वर्णिम' युगको सुरुआत मान्छन्, जसलाई 'म्याच फिक्सिङ' प्रकरणले ग्रहण लगाईदिंको थियो त्यतिबेला प्रेरित भनेका हुन्, फुटबलप्रेमी भाएको लसामी वालुवामा पानी हालेजस्तो खेर गयो। अब यो क्षेत्र उँभो लाग्न गाह्रो छ। हरिलाई भने त्यस्तो कहिल्यै लागेन। 'हरेक मान्छेको जिन्दगीमा कहिले न कहिले कठिन क्षण त आइहाल्छ, त्यो नेपाली फुटबलको निम्ति त्यस्तै क्षण थियो,' उनले भने,-'मलाई खुसी यसमा छ, हाम्रा खेलाडीले त्यही अप्मानको इख लिएर खेले र यति कम समयमै फेरि नेपाली जनताको मन जित्न सफल भए।'

हुन पनि 'म्याच-फिक्सिङ' प्रकरणसँगै पूर्वकप्तान सागर थापा, सन्दिप राई र गोलकिपर रितेश थापाको बहिर्गमनपछि टिममा सामेल युवा खेलाडीलाई खेलको पासा पल्टाउन् सजिलो थिएन। त्यो भन्दा गाह्रो त खेलाडीप्रति नै दर्शकको बढ्दो अविश्वास थियो। अहिले उनको उपचार भइरहेको गोलकी खडेरीले फुटबलप्रति नैराश्य छाएका बेला नेपाली टोलीले हासिल गरेको यो सफलताले हरिका आँखा रसाएका थिए र, तेस्रोपटक रोए, फागुन ३ गते, जतिबेला नेपालले भारतलाई २-१ को अन्तरले हराउँदै दक्षिण एसियाली (साग) फुटबलमा स्वर्णपदक हात पार्यो। दक्षिण एसियाकै चिरप्रतिद्वन्द्वी भारतलाई उसकै घरेलु मैदानमा नमिठो हार चखाईदिंदा हरिका आँखाबाट वर्रे अश्रु झरे। '

नववर्ष महोत्सवका लागि सुझाव संकलन अभियान

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

फेवा किनारमा आयोजना हुन गइरहेको १३औं फेवा नववर्ष महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न आयोजक पश्चिमाञ्चल होटल संघ पोखराले सुझाव संकलन अभियान सुरु गरेको छ । आगामी चैत २८ देखि वैशाख २ गतेसम्म नेपाली नयाँ वर्षका अवसरमा आयोजना हुने महोत्सवलाई नयाँ पारिस्कृत ढंगले संचालन गर्ने उद्देश्यका साथ संघले मंगलवार लेकसाइडमा एक विशेष भेलाको समेत आयोजना गरेको थियो । संघका सल्लाहकार, पदाधिकारी र सदस्यहरुबाट सुझाव संकलन गरी महोत्सवलाई नयाँ ढंगले संचालन गर्न भेलाको आयोजना गरिएको संघका अध्यक्ष भरतराज पराजुलीले जानकारी दिए ।

भूकम्प, नाकाबन्दी र विभिन्न हड्तालका कारण यो पटक पोखरा नेपालकै पर्यटनमा सुन्यताको अवस्था छाएको बताउँदै उनले कठिन परिस्थितिमा पनि महोत्सव आयोजना गर्न लागिएको बताए । अहिले होटलको अकुपेन्सीमा ५० देखि ७० प्रतिशतसम्म गिरावट आएको जानकारी दिँदै उनले तातोपानी नाका बन्द हुँदा र आवश्यक मात्रामा अन्तर्राष्ट्रिय उडान नहुँदा पनि यस्तो अवस्था आएको उनले सुनाए । तर पनि आफ्नो भविष्यप्रति आशावादी रहेको र सार्क मन्त्रीस्तरीय बैठक पोखरामा गर्ने तयारीले थप उत्साह मिलेको उनले सुनाए ।

सो अवसरमा बोल्दै संघका प्रथम उपाध्यक्ष एवं महोत्सवका संयोजक विकल तुलाचनले महोत्सवको मुख्य उद्देश्य पर्यटन प्रवर्द्धन गर्नु नै रहेको स्मरण गराउँदै महोत्सवलाई सफल पार्न सामूहिक प्रयासको आवश्यकता औल्याए । पर्यटन, खाना र संस्कृतिको पक्षलाई महोत्सवले केन्द्रमा राखेको पनि संयोजक तुलाचनले बताए । महोत्सवलाई सफलतापूर्वक सम्पन्न गर्न सबै पक्षबाट सुझावको समेत अपेक्षा गरिएको उनले सुनाए । आवश्यक सुझाव होटल सदस्य र अन्यले समेत संघको कार्यालयमा टिपाउन सकिने सो अवसरमा जानकारी गराइयो ।

फेवा किनारमा आयोजना हुने महोत्सवका अवसरमा लेसकाइडमा सडक महोत्सव समेत आयोजना गर्ने सोच रहेको र त्यसपहिला महोत्सववारे जानकारी दिन नेपालका विभिन्न भागमा व्यवसायी पुग्ने योजना बन्दै गरेको पनि कार्यकमका बताइएको थियो ।

सो अवसरमा संघका निवर्तमान अध्यक्ष हरिप्रसाद शर्मा, सल्लाहकार हरु चन्चरण तिवारी, गोविन्दराज पहारी र लक्ष्मीबहादुर भट्टराईले महोत्सवलाई सफल पार्न आफ्नो तर्फबाट सबो सहयोग रहने भनाई राखे । महोत्सवका अवसरमा गीत संगीतका कार्यक्रमलाई थप नयाँ र चर्चित कलाकारका साथ प्रस्तुत गर्न, महोत्सवको प्रचार-प्रसारमा ध्यान दिन, पार्किङ, सुरक्षा र सरसफाईमा ध्यान दिन, वाटर स्पोर्ट्समका कार्यक्रम संचालन गर्न सदस्यहरुले सुझाव प्रस्तुत गरेका थिए ।

यसैगरी घरवास कार्यक्रम, कृषि र हस्तकलाका सामग्री प्रवर्द्धन तथा उपहारका कार्यक्रम टिकटमा समावेश गर्न समेत सुझाव दिइएको थियो । महोत्सवमा राजदूतहरुलाई समेत सहभागी गराउन सो अवसरमा सुझाव दिइएको थियो । राष्ट्रिय पर्यटन परिषद्को सदस्यमा हालै नियुक्त नेपाल पर्यटन बोर्डका पूर्व सदस्य वासुदेव त्रिपाठीलाई सो अवसरमा बधाई अपर्ण गरिएको थियो । कार्यक्रमको संचालन संघका महासचिव भेकेन्द्रकुमार श्रेष्ठले गरेका थिए ।

कास्की मौजामा ४०औं वसन्तपञ्चमी मेला

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

पयलशिल युवा क्लबको आयोजनामा कास्कीको मौजा-१ मोहोरियामा २० औं वार्षिकोत्सव तथा ४० औं वसन्तपञ्चमी मेला सम्पन्न भएको छ । तीन दिने मेलाको मुख्य आकर्षण पुरुष भलिवल प्रतियोगितामा ल्वाङ घलेव गाविस प्रथम, संरक्षण युवा क्लब, घ्यामाङ द्वितिय भएको थियो । प्रतियोगितामा प्रथम हुने समुहले नगद २५ हजार सहित शिल्ड मेडल प्रमाणपत्र तथा द्वितियले नगद १५ हजार सहित मेडल प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा विभिन्न १९ टिमको सहभागिता रहेको थियो । त्यसैगरि छेलो हान्ने प्रतियोगितामा मौजा गाविसका धनराज नेपाली विजयी भए । उनलाई फेटा, दोसल्लाले सम्मान गरिएको थियो । गाविस भरिमा वर्षका उत्कृष्ट कृषकको रुपमा पुरुषमा मौजा-१ का ताराबहादुर गुरुङ र महिलातर्फ मौजा-४ का डम्मर कुमारी गुरुङ सम्मानित भए । मौजा तारा क्लब, घ्यामाङ द्वितिय भएको थियो । प्रतियोगितामा प्रथम हुने समुहले नगद २५ हजार सहित शिल्ड मेडल प्रमाणपत्र तथा द्वितियले नगद १५ हजार सहित मेडल प्रमाणपत्र प्राप्त गरे । प्रतियोगितामा विभिन्न १९ टिमको सहभागिता रहेको थियो । त्यसैगरि छेलो हान्ने प्रतियोगितामा मौजा गाविसका धनराज नेपाली विजयी भए । उनलाई फेटा, दोसल्लाले सम्मान गरिएको थियो । गाविस भरिमा वर्षका उत्कृष्ट कृषकको रुपमा पुरुषमा मौजा-१ का ताराबहादुर गुरुङ र महिलातर्फ मौजा-४ का डम्मर कुमारी गुरुङ सम्मानित भए । मौजा तारा क्लब, घ्यामाङ द्वितिय भएको खोर्सेमरी गुरुङ, समाजसेवी नन्दबहादुर गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए । क्लबका अध्यक्ष मणिराज गुरुङको अध्यक्षतामा भएको समापन उत्तिर्णा गरेका १४ जना कार्यक्रममा क्लबका सदस्य रुद्रबहादुर परियार र पुवअध्यक्ष खगेन्द्र गुरुङले पनि बोलेका थिए ।

जनमुखी प्राविको रजतजयन्तीमा शिविर

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

जनमुखी प्राथमिक विद्यालय भाटखोला-३ साहुचर ठुलास्वारा स्याङजाको २४औं वर्ष प्रवेशको सु-अवसरमा एक दिने निःशुल्क शिविर सम्पन्न गरेको छ । विद्यालयले अपाइगता परिचय-पत्र वितरण, गोवर परीक्षण र विद्यार्थीको रगत गुप विभाजन गरिएको थियो ।

शिविरमा छ जनाले अपाइगता परिचय पत्र प्राप्त गरेका थिए । जसमा उत्तम काकी र धनकुमारीले सेती, लाटो गुरुङले नीली, प्रेमकुमारी रानाभाट र विशाल गुरुङ पहिलो र तेजबहादुर घतीले रातो अपाइगता परिचयपत्र प्राप्त गरेका थिए । यस्तै २१ वटा भैंसी र गोरुको गोवर परीक्षण गरिएको थियो । यस्तै रक्त ग्रुप विभाजनमा ९० जना सहभागी रहेका थिए ।

शिविर सम्पन्न गर्नका लागि महिला बालबालिका कार्यालय स्याङजाबाट ठाकुकुमारी खनालको नेतृत्वमा गुरुप्रसाद ढकाल र स्याङजा अपाङ्ग समाजका अध्यक्ष युवराज पराजुली र जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. भोजराज गौतमले अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्र वितरण गरेका थिए ।

यस्तै जिल्ला पशु कार्यालय स्याङजा अर्न्तगत फेदीखोला केन्द्र अगौंधर अधिकारी, सेती दोभान केन्द्रबाट झलककृष्ण भण्डारी र समारोहका संयोजक प्रेम सुनामको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रेश्यामलाल रानाभाटले गरेका थिए ।

परीक्षण कार्य सम्पन्न गरेका थिए भने नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा स्याङजाबाट किरण चापागाई र दिलीप सुवेदीबाट रक्त समूह पहिचानमा सहयोग गरेका थिए । विद्यालयले यही फागुन ११ र १२ गते रजत जयन्ती मनाउँदै छ । रजत जयन्ती मूल समारोहका संयोजक प्रेम सुनामको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन रेश्यामलाल रानाभाटले गरेका थिए ।

कोटभैरव मन्दिर समितिमा महत

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

कास्कीको दक्षिण भेग स्थित लेखनाथ नगरपालिका वडा नं.१८ मा रहेको कोट भैरव मन्दिर व्यवस्थापन समितिको अध्यक्षमा चेत बहादुर महत सर्वसम्मत चयन भएका छन् । नव गठित समितिको उपाध्यक्षमा गुरु प्रसाद पौडेल, सचिवमा कमल प्रसाद पौडेल, सह सचिवमा कमल पौडेल, कोषाध्यक्षमा सन्त बहादुर थापा र सदस्यहरुमा गणेश बहादुर थापा र तुलसी दुरा रहेका छन् । समितिका निवर्तमान अध्यक्ष फत्तबहादुर महतको अध्यक्षतामा भएको कार्यक्रममा बोल्ने वक्ताहरुले धार्मिक तथा दृश्यावलोकका हिसाबले महत्वपूर्ण मानिएको कोट भैरव मन्दिरको जिर्णोद्धार गर्नु समितिको महत्वपूर्ण जिम्मेवारी रहेको बताए । मन्दिरलाई पर्यटकीय क्षेत्रका रुपमा थप विकास गर्ने कार्यमा टेवा पुर्‍याउने उद्देश्यले पक्कार विष्णुहरि पौडेल र वासुदेव पौडेल समेत रहेको एक प्रचार-प्सार समिति समेत गठन गरिएको छ ।

समितिका निवर्तमान सचिव शिव प्रसाद पौडेलले संचालन गरेको कार्यक्रममा ३०० बढी भक्तजनहरुको उपस्थितिमा सामूहिक पूजा समेत सम्पन्न भएको थियो । समितिका सचिव र कोषाध्यक्षका पतिवेदनहरु सर्वसम्मत पारित गरिएका थिए । भेलाले संस्था इतीको लागि प्रक्रिया अगाडि बढाउने निर्णय समेत भएको स्थानिय राजु प्रसाद पौडेलले जानकारी दिएका छन् । नव गठित कार्यसमितिमा फत्त बहादुर महत, लोक बहादुर लामिछाने, धन बहादुर थापा, सदन महत, सोम बहादुर थापा, लोक बहादुर महत र हेम बहादुर पराजुली रहेको एक सल्लाहकार समिति समेत गठन गरिएको छ ।

डायमण्ड मोडेलको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

लेखनाथ ९ बेगनासतालमा अवस्थित डायमण्ड मोडेल स्कूलको २२ औं अभिभावक दिवस तथा पुरस्कार वितरण कार्यक्रम मंगलवार सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख अतिथि कास्की जिल्ला शिक्षा कार्यालयका सहायक जि.शि.अ. दामोदर सुवेदीले निजि विद्यालयले शिक्षामा गरेको योगदान सराहनिय रहमेको बताउदै समय सापेक्ष गुणस्तरीय शिक्षामा जोड दिनु पर्ने बताए । कार्यक्रममा विद्यालयका शैक्षिक प्रधानाध्यापक बलराम तिवारीले विद्यालयको वार्षिक प्रतिवेदन तथा भावि योजनाहरु प्रस्तुत गरेका थिए भने विभुवन शान्ति उच्च मा.वि.का पाचार्य भिजलाल सापकोटा, अभिभावक मधुकर न्यौपानेले शुभकामना मन्तव्य राखेको थिए । कार्यक्रममा विद्यालयमा शैक्षिक स्तर वृद्धि गर्न उल्लेखनीय भूमिका निर्वाह गरे वापत शिक्षकहरु तिर्थ गरुङ, दुर्गा राज सुवेदी, शुकराज भण्डारी र राजेन्द्र अर्यालेलाइ सम्मान समेत गरिएको थियो । कार्यक्रमको बीच बीचमा विद्यार्थीहरुले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं सञ्चालक रोजेन्द्र औंभाको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा शैक्षिक प्रदर्शनी तथा स्काउटको विशेष प्रस्तुति औ मेगा जम्प साहसिक खेल समेत प्रस्तुत गरिएको थियो । सहायक प्र.अ. प्रकाश अधिकारी तथा विद्यार्थी सागर सुवेदीले स्वागत मन्तव्य र कार्यक्रमको संचालन शिक्षक देविरमण तिवारीले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. १०२.२ मेनाहर्जु सुन्न
Log on :
www.goldennews.com.np

फिचर लेखनका लागि तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा ४ फाल्गुन ।

समानताका लागि सचार भन्ने उद्देश्यका साथ स्थापित संचारिका समूह पश्चिमाञ्चलले पक्कार महिलाको क्षमता तथा दक्षता अभिवृद्धिका लागि फिचर लेखन तालिम गर्ने भएको छ । पक्कारिता क्षेत्रमा महिलाको संख्यात्मक मात्रै नभइ गुणात्मक वृद्धिका लागि तालिमको आयोजना गरिएको संचारिका समूह पश्चिमाञ्चलका अध्यक्ष जमुना वर्षा शर्माले जानकारी दिए । तालिममा वरिष्ठ पक्कार मोहन मैनालीले सहजीकरण गर्नेछन् । मैनाली साउथ एशिया चेकका सम्पादक हुन् भने खेज पक्कारिता केन्द्रका पूर्व डाइरेक्टर हुन् । फाल्गुनको १५ गतेदेखि १७ गतेसम्म संचालित तालिममा पश्चिमाञ्चलका विभिन्न संचार माध्यममा कार्यरत २० जना महिला पक्कारको सहभागिता हुने जनाइएको छ ।

तु-आवश्यकता

एकाउन्टेन्ट काउन्टिस्टर - २/ ५ जना
रिसेप्सनिष्ट रेसिप्सना - ४ जना
सर्भेस्टरी रिसेप्सनिष्ट - २ जना
मोबाइल पसल/साईल सेक्रेज लोएसनेश ६
फोर्सलीडिपाट मेनेजर (लोएसनेश) - ५ जना
सहायारी मार्वाटिड - ३ जना
रक्दी वा लाईसन भएको लेडिज - ५ जना
हामी तपाईसंग पोखरामा आफ्नि सम्पर्ण सालको ब्राण्ड र सम्बाद उपलब्ध गराउदौं ।
रक्सेरा हस्पलटेरी क्षुद्धोक पोखरा
०६१-४३२४२, ५२४७४, ४८४६५६८०

बैंक ब्यालेन्स
बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६५१-०६६०२

पसल विक्रीमा
पोखरा चिप्लेढुंगाको मुख्य सडकस्थित जेठ चालु अवस्थामा रहेको पसल तुरुन्त विक्रीमा छ। विशेषगरि मोवाइल, ट्राभल्स एजेन्सी कस्मेटिक, बुटिक, कपडाको भोलुम वेशिशमा व्यवसाय गर्न सकिने उपयुक्त ठाउँ ।
सम्पर्क : ९८०४१ ४५४०० ।

जीवन के.सी. मो. ९८४६०-३८०६६ ९८०६६ ४०८७१
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी पोखरा-१८
विवाह व्रतबन्ध भोज तथा अन्य कुनै कार्यको लागि सधै खानेपानी बाहिएमा हामीलाई सम्झनुहोस् ।

पोखरामा पहिलो पटक
ओलिभट्टक : तिउको साइज, घाघर बढाउन, छिप्र स्वस्थ रोयन, विश्व विख्यात हर्बल सप्लिमेन्टट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, सुलझ कसिलो बनाउन, पेटको छिरा हटाउन।
केश भर्ने रोको उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन सप्र अनुल (Indian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
सीप बढाउन (B.D.P) Body Builds घटाउन (More Slim)
साही नदिई जाड रक्सी चुरोट, खैनी, गाँजा तथा फुस छुटाउन।
दाँड तथा जोर्ती दुवाई ठिक पार्ने, सस्तो सुधा पेजलिस।
Like Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) म्हारुड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्री होम डेलिभरी

सस्तोमा जहाज टिकट
सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

प्रो. वद्री के.सी. : ९८४६०२४८४६
प्रो. गोपाल बहादुर कार्की : ९८४६०३९८७२
प्रो. राजेश के.सी. : ९८४६०३०३१७
इन्द्रेणी क्यारिङ एण्ड पार्टी प्यालेस
चापाणीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, साइट, डेकोरेशन एवं फूल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ ३०० गाडी अटाउने पार्किङ् पनि छ ।)

सेक्युरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर
Abudhabi ⇨ Spark Middle East Star Skill Force, UAE ⇨ DPS
Group-4 Security कम्पनीमा जान चाहनेहरुलाई यस वा.नि.मा. अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा छिनामाम संचालन भइरहेको छ ।
हाम्रा विशेषताहरु :-
०अंतर्राष्ट्रियस्तर उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०१ वर्षमा ३ स्तर भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
एउसीचोकबाट २०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन ०६१-५२०२२, मो. ९८४५०-३१९२०

विदेश जानेहरुका लागि सुवर्ण अवसर
Macow, Abudabi का Spark, Middle East, Star र Al Jaber Coin हुदै र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस वा.नि.मा. अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
तयारी कक्षा छिनामाम संचालन भइरहेको छ ।
हाम्रा विशेषताहरु :-
०अंतर्राष्ट्रियस्तर उत्तीर्ण गराउन सफल ०आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराइने ।
०१ वर्षमा ३ स्तर भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल
सम्पर्क **फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
एउसीचोकबाट २०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं. ३०,
फोन ०६१-५२०२२, मो. ९८४५०-३१९२०

"रंगहरुको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगशेमटका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल इम्पायराका साथै सिपेकको समस्या साधान , बाटर प्रुफिङ्ग गरिन्छ ।
फोन : ०६१-४३०१९४, मो. ९८४६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

हार्दिक श्रद्धाञ्जली

जन्म:
वि.स.१९८६/०८/१८
स्वर्गारोहण
वि.स.२०७२/१०/२६
स्व. सुशिल कोइराला
नेपाली कांग्रेसका केन्द्रीय सभापति, पूर्व प्रधानमन्त्री एवं २०७२ को संविधानका पिता **सुशिल कोइरालाको अकल्पनीय एवं दुःखद निधन भएकोमा हामी अत्यन्तै स्तब्ध एवं मर्माहत भएका छौं। उहाँको निधन भएको यस दुःखद घडिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजन एवं कांग्रेसजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।**
टोपबहादुर थापा
सभापति एवं
नेपाली कांग्रेस, पो.उ.म.न.पा.-१५ परिवार

अनेक समस्या सफल उपचार
ज्यादिक्क : खाना रुचि नहुने, अमिलो पानी आउने, भोलिल हुकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
थोत सम्बस्या: शिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग छिमाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनावारी सङ्घाडी, सेतोपानी बग्ने, योनी छिमाउने, तल्सी पेट झार कमजर पुग्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्वप्न बढाउने तथा घटाउने तथा हाईट बढ्ने, यौन समस्याका कारण हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जोड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता :- कालो थाती पोल्टी, दुगिछपरेर, झुल पछार, मस्सिका, कोही, घाउचरपिन हटाई पूरै शरिर गोरो बनाउने ।
थप उपचार :- प्रेसर, सुगर, जण्डिस, पिसास, पाइल्स, इम सार्ने बाथ, हाड कम्जर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
फ्री होम डेलिभरी
पितल आयुर्वेद फर्मा
एभरेष्ट फार्मेसी पछि, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इनेक्ट्रोनिक्स भवन भित्र
फोन नं ०६१-५३५८४८, मो. ९८४६९३७४९८

खुशीको खबर !
के तपाईलाई लागीभागी भई छेवेल गर्दै हुहुत्छ ? किला नगर्नुहोस्, अकलकी गठ्ठरी पार लगाउने देवी हुनुहुन्छ । साथै हाड इखेरी, बाथ, शुकी, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलदेवी चढेकी अधिकारी (सिस्वाचोक प्रतिष्ठालय बजिक)
वडा नं. ३ घर नं. २ । सम्पर्क : ९८४६२८५४५५

वाया, पोतो र डण्डिफोर Bye Bye
०६ वाया, पोतो, डण्डिफोर र मस्किलाई एक हप्तामा नै हटाइनुका साथै ओरोपना बढाउने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
०६ कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
०६ सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
०६ महिनामा ३ ९-३ इन्च सम्म बढाउने Step-Up.
०६ खटपरिया हटाउने
०६ पिम्पलका लागि सफल उपचार । Skin Test गरिन्छ ।
०६ ग्याष्ट्रिटिक उपचार
०६ Breast घटाउने बढाउने..पेटमा भएको सेतो धर्सा हटाउने ।
०६ थाई नदिइ जाड, रक्सीका चुरोट, सुर्ती, केही दिनमा नै छुटाउने ।
नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ ।*

बिहानी ब्यूटी ट्रेडर्स
पिपलेढुंगा, पोखरा-७, फोन: ४८७६५४४९८८, ०६१-५२७४५४
(माथि इम्पोरियमको ढुवाडि हो कमलेस्वर मन्दिर दुई घर गत)

लायन्सको क्याविनेट मिटिङ थाइल्याण्डमा

डिष्ट्रिक्ट ३२५ बी १ को कन्भेन्सन पोखरामै गर्ने तयारी

गोल्डेन न्युज संवाददाता
पोखरा ४ फाल्गुन ।

लायन्स क्लब अन्तर्राष्ट्रिय डिष्ट्रिक्ट ३२५ बी १ नेपालको तेस्रो क्याविनेट मिटिङ थाइल्याण्डको फुकेटमा हुने भएको छ । आगामी ९ गते शनिवार हुने मिटिङमा नेपालबाट क्याविनेट पदाधिकारी तथा क्लबमा आबद्ध करिब ४ सय सदस्यहरु सहभागी हुने बताइन्छ । उक्त मिटिङलाई सफलतापूर्वक सम्पन्न गर्न डिष्ट्रिक्ट गभर्नर ध्रुव थापा सहितका पदाधिकारीहरुले तयारीलाई तीव्र बनाउनुका साथै अन्तिम चरणमा पुऱ्याएका छन् । मिटिङका लागि डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाको नेतृत्वमा क्लबका पदाधिकारी एवं सदस्यहरु शुक्रबार थाइल्याण्ड प्रस्थान गर्दै छन् । थाइल्याण्डमा हुने क्याविनेट मिटिङमा विश्वको लायनवाद, नेपालमा लायन्सको विकास र नेपालको पछिल्लो राजनीतिक अवस्था र विकासका बारेमा छलफल गरिने डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरी विश्वेश्वर आचार्यले गोल्डेन न्युज दैनिकलाई जानकारी दिए । सेक्रेटरी आचार्यका अनुसार नेपालमा गत वैशाख १२ गतेको महाभूकम्पले प्रभावित नेपालका बारेमा जानकारी गराउन र नेपालको पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउन थाइल्याण्डमा क्याबिनेट मिटिङ राखिएको हो । मिटिङमा थाइल्याण्ड फुकेटका स्थानीय लायन्स क्लबहरुलाई समेत सहभागी गराइ लायन्स गतिविधिका साथै नेपालको पर्यटन प्रवर्द्धनका बारेमा गहन छलफल हुने आचार्यले बताए ।

यसैबीच लायन्स क्लब डिष्ट्रिक्ट ३२५ बी १ नेपालको आगामी महाधिवेशन पोखरामा हुने भएको छ । वैशाख ४ गते हुने महाधिवेशनले नयाँ भावी नेतृत्व समेत चयन गर्नेछ । महाधिवेशन सम्पन्न गर्न का लागि १७७ सदस्यीय तयारी समिति समेत गठन गरिएको बताइन्छ । महाधिवेशनमा लायन्स क्लब अफ पोखरा मेती गण्डकी र गोल्डेन चौतारीले संयोजन गर्ने भएको डिष्ट्रिक्ट सेक्रेटरी विश्वेश्वर आचार्यले बताए । महाधिवेशनले पोखराको पर्यटन प्रवर्द्धन र पोखराबाहिर लायन्स नगरी बनाउन थप टेवा पुऱ्याउने लक्ष्य डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाको लक्ष्य छ । गभर्नर थापाका अनुसार आगामी महाधिवेशनमा डिष्ट्रिक्टमा आबद्ध करिब ३ हजार सदस्यहरु सहभागी हुनेछन् । लायन्सको नीति अनुसार महाधिवेशनले डिष्ट्रिक्ट गभर्नर, भाइस डिष्ट्रिक्ट गभर्नर र सेकेण्ड भाइस डिष्ट्रिक्ट गभर्नर निर्वाचित गर्ने छ । डिष्ट्रिक्ट सेक्रेटरी, कोषाध्यक्ष लगायतका पदाधिकारी भने निर्वाचित डिष्ट्रिक्ट गभर्नरले मनोनित गर्ने व्यवस्था लायन्सको नियमावलीमा छ ।

यसैबीच नेपालमा क्रियाशील लायन्स क्लब अन्तर्राष्ट्रियका निवर्तमान अध्यक्ष जो पिस्टन मंगलबार पोखरा आइपुगेका छन् । गत वैशाख १२ गतेको महाभूकम्पले नेपालमा पुऱ्याएको क्षति र लायन्सले संचालन गरेको गतिविधि बारे अनुगमन गर्न उनी सोमबार नेपाल आएका थिए । पोखरामा उनले डिष्ट्रिक्ट ३२५ बी १ ले संचालन गरेका कार्यक्रमहरु अवलोकन गर्नुका साथै आवश्यक प्रतिबद्धता र विश्वेशन दिएर शुक्रबार स्वदेश फर्केकै छन् । उनलाई पोखरामा लायन्सका इन्टरनेशनल डाइरेक्टर सञ्जय खेतान, मल्टिपल काउन्सिल चियर पर्सन रमेश अग्रवाल, पिएमसीसी गिरीधारी शर्मा, प्रेमबहादुर श्रेष्ठ, डिष्ट्रिक्ट गभर्नर ध्रुव थापा लगायतले स्वागत गरेका थिए ।

जो पिस्टन पोखरामा

लायन्स क्लब अन्तर्राष्ट्रियका निवर्तमान अध्यक्ष जो पिस्टन मंगलबार पोखरा आइपुगेका छन् । गत वैशाख १२ गतेको महाभूकम्पले नेपालमा पुऱ्याएको क्षति र लायन्सले संचालन गरेको गतिविधि बारे अनुगमन गर्न उनी सोमबार नेपाल आएका थिए । पोखरामा उनले डिष्ट्रिक्ट ३२५ बी १ ले संचालन गरेका कार्यक्रमहरु अवलोकन गर्नुका साथै आवश्यक प्रतिबद्धता र विश्वेशन दिएर शुक्रबार स्वदेश फर्केकै छन् । उनलाई पोखरामा लायन्सका इन्टरनेशनल डाइरेक्टर सञ्जय खेतान, मल्टिपल काउन्सिल चियर पर्सन रमेश अग्रवाल, पिएमसीसी गिरीधारी शर्मा, प्रेमबहादुर श्रेष्ठ, डिष्ट्रिक्ट गभर्नर ध्रुव थापा लगायतले स्वागत गरेका थिए ।

गुरुकुल र फिस्टेलमा खेलकूद, गोल्डेनमा अभिनय

गोल्डेन न्युज संवाददाता
पोखरा ४ फाल्गुन ।

लेखनाथ १२ पावरहाउस स्थित गुरुकुल विद्याश्रमले वार्षिक रुपमा सञ्चालन गर्दै आएको खेलकूद सप्ताह मंगलबारबाट सुरु भएको छ । मंगलबार भएको कार्यक्रमका प्रमुख अतिथि विद्यालयका संस्थापक प्रिन्सिपल मिलन केसीले विद्यार्थीलाई फुटबलका रोफ्ट तथा अतिरिक्त क्रियाकलाप प्रमुख रमेशराज भण्डारीले जानकारी दिए ।

यसैगरी पोखराको पार्वतीपथ फिस्टेल एकेडेमी उच्च मा.वि.ले अतिरिक्त कृयाकलाप अन्तर्गत आफ्नो वार्षिक कार्यतालिका अनुसार खेलकूद प्रतियोगिता मंगलबारबाट शुरु गरेको छ । सो प्रतियोगिताको विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष अन्जु रानाभाटले उद्घाटन गरेकी थिइन् । उद्घाटन गर्दै उनले खेलकूद, स्वस्थ र शिक्षा एक आपसमा अन्तरसम्बन्धित भएको भन्दै गयो स्वास्थका लागि नियमित रुपमा खेलकूदमा सहभागिता जनाउनुपर्ने बताइन् । पूर्व प्राथमिक तह देखि उच्च मा.वि. तह सम्मका विद्यार्थीहरुले प्रतिस्पधा गर्ने सो खेलकूद प्रतियोगितामा एथलेटिक्स, हाइजम्प, लङजम्प, सटपुट, फुटबल लगायतका प्रतियोगिताहरु लंगजम्पतर्फ सुश्मा थापा, नीरा पाइजा, रविना सुनार र छात्रतर्फ गंगालाल विक, सूर्य गुरुङ र सिजन रोकाले प्रथम, द्वितीय स्थान प्राप्त गरेका थिए ।

यसैगरी फुटबलतर्फ जुनियर पहेली सदस र सिनियर पहेली सदस सेमिफाइनलमा प्रवेश गरेको विद्यालय अतिरिक्त क्रियाकलाप प्रमुख रमेशराज भण्डारीले जानकारी दिए ।

यसैगरी पोखराको पार्वतीपथ फिस्टेल एकेडेमी उच्च मा.वि.ले अतिरिक्त कृयाकलाप अन्तर्गत आफ्नो वार्षिक कार्यतालिका अनुसार खेलकूद प्रतियोगिता मंगलबारबाट शुरु गरेको छ । सो प्रतियोगिताको विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष अन्जु रानाभाटले उद्घाटन गरेकी थिइन् । उद्घाटन गर्दै उनले खेलकूद, स्वस्थ र शिक्षा एक आपसमा अन्तरसम्बन्धित भएको भन्दै गयो स्वास्थका लागि नियमित रुपमा खेलकूदमा सहभागिता जनाउनुपर्ने बताइन् । पूर्व प्राथमिक तह देखि उच्च मा.वि. तह सम्मका विद्यार्थीहरुले प्रतिस्पधा गर्ने सो खेलकूद प्रतियोगितामा एथलेटिक्स, हाइजम्प, लङजम्प, सटपुट, फुटबल लगायतका प्रतियोगिताहरु सञ्चालन हुनेछन् । प्रतियोगिता तिनदिन सम्म सञ्चालन हुने विद्यालयले जनाएको छ । साथै भर्खरै साग खेलकूद प्रतियोगितका पुरुष फुटबलमा विजयी नेपाली खेलाडीहरुलाई सो अवसरमा बधाई समेत जाहन गरिएको खेलकूद विभाग प्रमुख राजा मुखियाले जानकारी दिए ।

यसैगरी लेखनाथ नगरपालिका बडा नं. १२, खुर्दी-डुङ्गेपाटन स्थित गोल्डेन नेचर उच्च माध्यमिक विद्यालयमा अभिनय प्रतियोगिता सम्पन्न भयो । कक्षा ४ देखि ६ सम्मका विद्यार्थीहरू सहभागी प्रतियोगितामा भूमिका बसौला, अनिषा पौडेल, भुवन बसौला, युगिका ढुङ्गाना र शशी सुवेदीको समूहले प्रथम स्थान प्राप्त गर्न सफल भयो भने साज लामिछाने, अंकिता आचार्य, अञ्जली वि.क., अंसिम राज सिंह ठकुरी, आयुष वि.क. र पञ्चबल कुमार रानाभाटको समूहले द्वितीय स्थान र सफल भुजेल, विशाल अधिकारी, सुदीप अधिकारी, शिशिर सुवेदी, सिद्धान्त सुवेदी र अञ्जन भुजेलको समूहले तृतीय स्थान प्राप्त गर्न सफल भए । कार्यक्रमको संयोजन शिक्षक पुर्ण बहादुर थापा र ऐश्वर्यधर घिमिरेले गरेका थिए ।

अन्तरविद्यालय बास्केटबलका एकैदिन सात खेल

गोल्डेन न्युज संवाददाता
पोखरा ४ फाल्गुन ।

कास्की जिल्ला बास्केटबल सङ्घको आयोजनामा पोखरामा जारी १३औं कर्णेल जेपिकस अन्तर्राविद्यालय छात्र छात्रा बास्केटबल प्रतियोगिता अन्तर्गत मंगलबार ७ खेलहरु सम्पन्न भएका छन् । पोखरा रंगशालामा मंगलबार भएको पहिलो खेलमा डाईमण्ड डाईमण्ड एस.ओ.एस. हर्मनमाईनरलाई २३-२२ को स्कोरले पराजित गरेको हो । डाईमण्डको जितमा शृशिल गरुङ्जालले १२ स्कोरको योगदान दिए । करिब छत्यालको १७ स्कोरको मद्दतले दोश्रो खेलमा मनकामना चोडिडले बालकल्याणलाई ३०-८ को स्कोरको अन्तरले पराजित गरेको छ । तेस्रो खेलमा माउण्ट अन्नपूर्ण उच्च माविलाई माउण्ट अन्नपूर्ण उच्च माविले कास्की मोडलाईजलाई २२-१६ को स्कोरले पराजित गरेको । माउण्ट अन्नपूर्णको जितमा महेन्द्र पुनले १९ स्कोरको योगदान दिए ।

त्यसै गरी मंगलबार छाया तर्फ एक खेल मात्र भयो । माउन्ट अन्नपूर्णले कास्की मोडनाईजलाई २ को बिरुद्ध २६ स्कोरको विशाल अन्तरले पराजित गरेको हो । माउन्ट अन्नपूर्णको जितमा हिरा पुनले ८ स्कोरको योगदान दिईन । त्यसै गरी बुधबार लिग चरणका ७ खेल हुने भएको संघका अध्यक्ष नेत्र बहादुर शेनले बताए ।

स्ट्राइकर नवयुगसंग फनिसरमा हुनुपर्ने सबै गुण छन्

काठमाडौं ३ फाल्गुन ।

नेपालबाट साग फुटबलको उपाधि जिताउने फॉर एकपटक नवयुग श्रेष्ठ फिनिसर बनेका छन् । एक महिनाअघि सम्पन्न बंगबन्धु गोल्डकपमा नायक बनेका उनले सागमा आफ्नो क्षमतालाई पुनः पुष्टि गरे । नवयुग अहिले सामाजिक सञ्जालदेखि चियापसल सम्म चर्चाको पात्र बनिरहेका छन् । धेरैको मुखबाट एउटै वाक्य सुनिन्छ, नवयुगले नेपाली फुटबलमा नवयुग ल्याईदिए । फुटबल विज्ञले २५ वर्षीय यी 'आर्मी म्यान' लाई दक्षिण एसियाकै उत्कृष्ट फुटबलरसंग दाँज्न थालेका छन् । हामीले नेपाली राष्ट्रिय टिमबाट खेलका तीन भेट्टान फुटबलरसंग सोध्दी, कति उत्कृष्ट खेलाडी हुन् नवयुग ? उनीहरूको जवाफ जस्ताको तस्तै :

स्कोररको अभाव पूर्ति भयो: उपेन्द्रमान सिंह : नजनबयुग उदियमान फुटबलर हुन् । उनले नेसनल टिममा आएर छोटो समयमै आफ्नो ट्यालेन्ट देखाएका छन् । आर्मीको खेलाडी भएको हिसाबले उनीमा 'डिसिप्लिन एन्ड डेडिकेसन' देखिन्छ, यो उनको सबैभन्दा राम्रो पक्ष हो । गुरुहरूलाई सम्मान गर्ने गुण छ । हाम्रो फुटबललाई लामो समयदेखि स्कोररको अभाव खट्किरहेको थियो, उनी आएपछि त्यो पूर्ति भएको छ । उनले आफ्नो नामअस्ती सन् २०१६ देखि नेपाली फुटबलको नवयुग सुरु गरिदिएको छ । निस्न्देह अहिलेको टोलीमा उत्कृष्ट स्ट्राइकर हो, नवयुग । उसले पुरै हस्तीलाई पछि पारेर आफ्नो स्थान बनाएको छ ।

नवयुगले अहिलेसम्म गरेका सबैभन्दा गोल उत्कृष्ट छन् । यो मुलरूपमा उनको मिहिनेतको फल हो र भाग्यले पनि साथ दिएको छ । हरेक खेलाडीलाई सफल हुन भाग्यले साथ त दिनैपर्छ । तर, भाग्यले पनि त्यसलाई साथ दिन्छ, जसले मिहिनेत गर्छ । नवयुगको सबैभन्दा ठूलो क्षमता भनेकै 'पोस्ट चार्ज' हो । एउटा स्ट्राइकरमा हुनुपर्ने गुण उसमा छ । अहिलेको फर्मलाई निरन्तरता दिएको खण्डमा धेरै माथि पुग्ने देख्छु ।

वान टच गोलमा विशेष क्षमता: हरि खड्का : राइट टाइम, राइट पोजिसन र राइट डिसिजनको क्षमता भएको फुटबलर हुन्, नवयुग । खासगरी 'स्कोरर' हुन् । उनले अहिलेसम्म जति मौका पाएका छन्, कमै मात्र मिस गरिरहेको देखिन्छ । फुटबल भनेको जिल्लाका लागि खेलिने खेल हो । जिल्लालाई गोल चाहिन्छ । राम्रो खेल्दाखेदै फिनिसिङमा चुकेका कारण नेपालले जिगतमा धेरै खेल गुमाउनुपरेको थियो । नवयुगले नेपाली फुटबलमा नयाँ युग प्रवेश गराएका छन् ।

मैले पनि लामो समय राष्ट्रिय टिमबाट स्ट्राइकरको भूमिकामा खेलें । मेरै कालखण्डमा पनि गोलको खडेरी नै रह्यो । मैले कायम गरेको सर्वाधिक अन्तर्राष्ट्रिय गोलको रेकर्ड अहिलेसम्म तोडिएको छैन । म चाहन्छु, यो चडिभन्दा चाँडै तोडियोस् । किनभने, खेलकूमा रेकर्ड भनेकै तोड्नका लागि हुन्छन् । नवयुगले नै तोडेको खण्डमा निकै खुसी हुनेछु ।

हाम्रो पालामा पनि टिममा स्ट्राइकरको कमी थिएन । एकसे एक स्ट्राइकर थिए । तर स्ट्राइकरहरू स्कोरर हुन सकेनन् । नवयुगलाई म नेपालको बेस्ट फुटबलरभन्दा पनि बेस्ट स्कोररका रूपमा लिन्छु । उसी समयले जन्मायको प्रतिभा हुन् । राज्यले ठूलो लगानी गरेर जन्मायकी होइन । उनलाई पहिले धेरै टाउँबाट रिजेक्ट हुँदै आएको हो । उनको उदयको श्रेय आर्मीलाई पनि जान्छ । आर्मीका प्रशिक्षक इम्मर गुरुङले उसलाई चान्स दिएका हुन् ।

उनको प्रतिभालाई चिनेर हामीले अन्तर्राष्ट्रिय म्याचमा पहिलो रोजाइमा राख्न जोड गरेका हौं । तर, विदेशी प्रशिक्षकले मानेनन् । पछि वालगोपालले बंगबन्धु खेले सिनियर टिमका खेलाए । यसको अर्थ के हो भने नेपाली खेलाडीलाई नेपाली प्रशिक्षकले नै राम्रोरी मूल्याकन गर्न सक्छ ।

नवयुगले एकदमै छिटो नेपाली टोलीमा आफ्नो भूमिका स्थापित गरेका छन् । अब उनको ठाउँ कसैले लिन सक्दैन । किनकि यत्तिको फिनिसर सिर्तामित पाईदैन । हिजोको गेमको कुरा गर्दा पनि उनको ठाउमा अर्को खेलाडी भएको भए त्यो गोल नहुन सक्थ्यो । बार टच्मा गोल गर्नु उनको विशेष क्षमता हो । यसका लागि आफूलाई सही समयमा सही स्थानमा राख्नु जरुरी हुन्छ । त्योबाहेक एउटा फिनिसरमा हुनुपर्ने छरितोपन नवयुगमा छ । उसले नेपाली फुटबलमा लामै समय राज गर्न सक्छ ।

मेरो विश्वासमा न्याय– महर्जन

नेपाली फुटबलले धेरैपछि उत्कृष्ट फिनिसर पाएको छ । नवयुग एकेडेमीमा नवसीकन छोटो भए पनि आएका प्लेयर हुन् । उनमा केही क्वालिटी देखेर नै मैले उनलाई पहिलो रोजाइको टोलीमा राखेको हुँ । बंगबन्धु कपमा उनले मेरो विश्वासलाई न्याय गरे । साग फुटबलमा पनि उनले आफूलाई भनै राम्री 'प्रुभ' गर्न सफल भए । नवयुगमा एट्याकिङ र फिनिसिङ गर्ने क्षमता छ । फिनिसिङमा नहडबडाउनु उनको प्रमुख विशेषता हो । उनले आफूलाई गोलका लागि सही पोजिसनमा राख्छन् । त्यसपछि विपक्षी खेलाडीलाई हेर्ने आवश्यकता अनुसार कडा वा नरम सट प्रहार गर्छन् । खेलमा अनुशासनको ठूलो महत्व हुन्छ । अनुशासन मैदानभित्र मात्र नभएर बाहिर पनि हुनुपर्छ । हिजोका दिनमा मैदानबाहिरको अनुशासन कमजोर रहेको करा आउँथे । त्यसको असर मैदानभित्र पनि पथ्यो । सिनियर खेलाडी र कोचलाई सम्मान नगर्ने परिपाटी पनि थियो । नेपाली फुटबलले लामो समय सफलताको मुख देख्न नपाउनुमा यो पनि एउटा कारण रहेको छ ।

अहिलेका युवा खेलाडी अनुशासित छन् । अनि, सबैमा जोश जगिर भरिएको छ । नवयुग पनि जोसिलो प्लेयर हुन् । एक महिनाभित्र तीनवटा ट्याक्टिक गर्नु चानचुने करा होइन । बंगबन्धु कपमा पनि उनले बान टच गोल गरेका छन् । उनको क्षमतालाई अझै निखार्दै जानुपर्छ ।

गाईपालक कृषकलाई लाखौंको नोक्सानी

म्याग्दी ४ फाल्गुन ।

जिल्लाको घार र शिखरा गाईपालक कृषकलाई चिज बिकी घटेपछि लाखौंको नोक्सानी भएको छ । भूकम्प र नाकाबन्दीका कारण पर्यटक आगमन घटेपछि घार र शिखरो पाउद्रारमा उत्पादित चिज बिकी नहुँदा कृषक मारमा परेका हुन् । म्याग्दी, मुस्ताङ र कास्कीका होटलमा पर्यटक आगमन घटेसँगै चिजको खपत घटेको छ । प्रोटिन तत्व पाइने चिज पर्यटकले रुचाउने परिकार हो । पर्यटक आगमन र चिज बिक्री घटेपछि कृषकलाई लाखौं नोक्सानी हुनुका साथै उद्योग सञ्चालमा परेका घार गाविस-५ स्थित हिमालयन चिज उत्पादन सहकारी संस्थाका सचिव श्याम खड्काले बताए । विस २०७१ मा रु २३ लाख बराबरको चिज बिक्री गरेको उद्योगमा यस वर्षको दश महिनाको अवधिमा रु १० लाखको चिज मात्र बिक्री भएको छ । करिब तीन लाख रुपैयाँ बराबरको चिज समयमै बिक्री गर्न नसक्दा कुहिएर नष्ट भएको छ ।

शिखरो पाउद्रारस्थित खयरबारही चिज उद्योगसँग समेत बिक्री घटेपछि उत्पादन घटाएको छ । उत्पादन घटाउँदा त्यसको प्रत्यक्ष असर कृषकको आम्दानीमा परेको छ । उनीहरूलै उत्पादन गरेको दुध बिक्री नहुँदा नोक्सानी भएको हो । पहिले दैनिक ४०० लिटर दुध खपत गर्ने गरेको हिमालयन चिज उद्योगले हाल १०० लिटर मात्र खपत भएको जनाएको छ । प्रतियोगितामा पोखराका विभिन्न ४० टीमको सहभागिता रहने आयोजकको अनुमान छ ।

म:म मेलाका लागि सम्पूर्ण तयारी पूरा

गोल्डेन न्युज संवाददाता
पोखरा ४ फाल्गुन ।

पोखरामा विहीबारदेखि पेप्सी म:म मेला शुरु हुने भएको छ। मेलाको सम्पूर्ण तयारी पुरा भएको आयोजकले जनाएको छ । आर इभेण्ट टुनर नेपालले फेण्डसिप युथ क्लब र आईएमसी फेसन कलेजको सहकार्यमा गर्न लागेको मेला शनिवारसम्म चल्ने छ ।

मेला पोखरा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा हुदैछ। मेलाको सम्पूर्ण तयारी पुरा भएको कार्यक्रम संयोजक रबीन गुरुङले जानकारी दिए। मेलाको सम्पूर्ण तयारी पुरा भएको छ कार्यक्रम संयोजक गुरुङले भने-'२५ प्रकारमा म:म चेखाउन आतुर छौं' मेलालाई फेप्सी, आशाही वियर र सिकडेले प्रायोजन गरेका छन्। मेला सम्पन्न गर्न ४ लाख खर्च लाग्ने र एक लाख दर्शकले मेला अवलोकन गर्ने अनुमान गरिएको छ। मेलाका दर्शकका लागि लकिात गर्दै रेष्टुरेण्टहरुले विभिन्न २५ प्रकारका १० लाख डल्ला म:म तयार पार्दै छन्। मेलामा पनिर, खुवा, केरा, टीफ, गुदपाक, आलु, बिगं, ओमन, माछा, समेत, आइसक्रिम र चकलेट लगायतका म:मको स्वाद लिन पाइने छ। मेलाका लागि नै ५५ हजार रुपैया खर्च गरेर एउटा म:म समेत बनाईसकिएको छ। यो म:म बुधबारदेखि नै महोत्सव स्थलमा प्रदर्शनका लागि राखिदैछ।

मेलामा एक सय बढि स्टल रहने छन्। स्टल मध्य २० स्टल म:मका मात्र रहने छ। मेलामा तिब्बत र दार्जिलिङबाट समेत म:मका स्टल ल्याइएको छ। म:म बाहेक अन्य स्टल विभिन्न उत्पादन तथा व्यवसायिक प्रायोजनका रहने छन्। मेलामा दिउसो हस्पिहरुसन, दौडोरी र नौमती बाजा तथा रातिं लाइभ पप कन्सर्ट र डिजे सेसन आकर्षणका रुपमा रहने छन्। यसपटक मेलामा फेसन वीक समेत गरिने भएको छ।

फेसन वीकका लागि आईएमसी फेसन कलेजका ४० जना डिजाईनरहरुले पहिरन तयार पारिसकेका छन्। ती पहिरनलाई चर्चित मोडलहरुले प्रस्तुत गर्ने छन्। मोडलहरुको प्रशिक्षण सकिएको कोरियोग्राफर नमिता गुरुङले जानकारी दिईन्।

मेलाबाट बचत भएको रकम पोखरामा आध्यात्मिक पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय योग ध्यान केन्द्र निर्माणमा खर्च गरिने छताएको छ। मेलाको तीन जना सडक बालकले उद्घाटन गर्ने छन्।

सुन्तला, आलुको 'ग्रेडिङ'

वाग्लुङ ४ फाल्गुन ।

वाग्लुङ जिल्ला कृषि विकास कार्यालयले यसै वर्षदेखि सुन्तला र आलुको 'ग्रेडिङ' सुरु गरेको छ ।

'ग्रेडिङ' गरिएका दुई हजार 'कार्टुन' सुन्तला जिल्ला बाहिर निर्यात गरिएको छ भने सुन्तला 'कार्टुन'मा किसानलाई ७५ प्रतिशत अनुदान दिइएको छ ।

यस्तै आलु राख्ने घेरा किसानलाई निःशुल्क वितरण गरिएको बेरुपु कृषि विकास अधिकृत विनोद हमालले जानकारी दिए ।

पहिलो चरणमा तारखोला र डोरपाटनको आलुलाई ग्रेडिङ गरिएको छ । 'ग्रेडिङ'ले जिल्लाको कृषि उपजको पंचारपसारमा टेवा पुग्ने हमालको भनाइ छ । रासस

जापानी भाषा सिक्न चाहनेहरूलाई खुशीको खबर

दक्ष तथा JLPT २ लेभल पास शिक्षकबाट भाषा सिकाइने यस ओहायो एजुकेशनल इन्स्टिच्युटमा जापानी भाषाको नयाँ कक्षा संचालन भइरहेको जानकारी गराइन्छ ।

ठेगाना : न्यूरोड, पोखरा
फोन : ०६१-५४००३६, ५८४६०३७२५१

सुनौलो पञ्चिलकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अंगधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email: goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा